म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १५३ २०८३ वैशाख १३ गते आइतबार 26 April 2026, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सत्यम जेभियर्स इङ्गिङ्लस बोर्डिङ स्कुल**

हेटौंडा-४, चिसापानी

०५७-५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

### बागमतीमा बजेट तर्जुमाको नयाँ क्यालेण्डर

# ५० लाखभन्दा साना पूर्वाधार योजनालाई ब्रेक




समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यक्रमलाई व्यवस्थित गर्न नयाँ मापदण्ड लागु गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट तुर्जमाका लागि नयाँ क्यालेण्डर बनाएर कार्यान्वयनमा ल्याएको हो ।

मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटमा सीमित व्यक्तिको पँहुच नियन्त्रण र निश्चित मापदण्ड र आवश्यकताका आधारमा छनौट गर्न नयाँ निर्देशिका जारी गरेको हो । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले स्वीकृत गरेको उक्त निर्देशिकाले प्रदेशमा वर्षौंदेखि जकडिएको टुक्रे योजनाको समस्यालाई समाधान गर्ने लक्ष्य राखेको छ । आगामी आर्थिक वर्षको बजेटको सिलिङसहित उक्त मापदण्ड समेत मन्त्रालय र कार्यालय तथा निकायहरुमा पठाउने प्रदेश सरकारको तयारी रहेको छ ।

नयाँ निर्देशिका अनुसार प्रदेश सरकारले अब साना खानेपानी र सिँचाइका योजनाका लागि कम्तीमा २० लाख रुपैयाँ लागत हुनुपर्ने व्यवस्था गरेको छ भने सडक, पुल, भवन, पार्क र तटबन्ध जस्ता पूर्वाधार आयोजनाको हकमा न्यूनतम ५० लाख रुपैयाँ लागत अनिवार्य गरिएको छ । ५० लाखभन्दा कम लागतका पूर्वाधार योजनाहरु अब प्रदेशको बजेटमा नसमेटिने निर्देशिकाको प्रावधान रहेको छ । साना र टुक्रे आयोजनाहरु आवश्यक देखिएको खण्डमा योजनाहरु सम्बन्धित स्थानीय तहले नै कार्यान्वयन गर्नुपर्ने निर्देशिकाले समेटेको छ ।

'हामीले बजेटलाई कार्यकर्ता पोस्ने माध्यम होइन । विकासको औजार बनाउन खोजेका छौं । विगतमा लाखका योजनामा बजेट छर्दा न त प्रतिफल देखियो, न त जनताले सुविधा पाए । त्यसैले, प्रदेशको गौरव बढाउने र ठूला प्रभाव पार्ने योजनामा मात्र प्रदेशको ध्यान केन्द्रित होस् भनेर हामीले यो न्यूनतम सीमा तोकेका हौं । अब टुक्रे योजनाको छनौटलाई निर्देशिकाले नियन्त्रण गर्नेछ ।'

निर्देशिकाले जिल्लास्तरमा आयोजना छनौट गर्न जिल्लास्तरीय आयोजना प्रस्ताव छनौट सिफारिस समितिको व्यवस्था गरेको छ । जसको संयोजकमा सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य रहनेछन् । जसले गर्दा जनताको माग र जनप्रतिनिधिको प्राथमिकतालाई बजेटमा समेट्न सघाउ पुग्ने मन्त्री तामाङको भनाई छ । 'जनप्रतिनिधिहरुलाई आफ्नो क्षेत्रको आवश्यकता थाहा हुन्छ । तर, उहाँहरुले सिफारिस गर्दा पनि अब वस्तुनिष्ठ हुनुपर्नेछ । दोहोरोपन नहुने, डीपीआर तयार भएको र जग्गाको विवाद नभएका योजनालाई मात्र हामीले प्राथमिकता दिनेछौं । पारदर्शिता हाम्रो पहिलो सर्त हो', उनले भने ।

बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका मार्फत निर्धारण गरिएको जिल्लास्तरको उक्त समितिको सह-संयोजकमा सम्बन्धित निर्वाचन क्षेत्रको नेतृत्व गर्ने समानुपातिक प्रदेश सभा सदस्य रहने छन् भने स्थानीय तहका प्रमुख/उपप्रमुख वा तोकेका निर्वाचित प्रतिनिधि (प्रत्येक स्थानीय तहबाट एक जना सहभागी हुने गरी) सदस्य रहने छन् । प्रदेश सरकारको योजना कार्यान्वयन गर्ने जिल्लास्थित विषयगत कार्यालयको प्रमुख सदस्य सचिव हुने गरी संरचनाको विकास गरिएको छ । उक्त समितिलाई योजनामा स्थानीय, प्रदेश र केन्द्र सरकारको बजेटमा हुने दाहोरोपनको अन्त्य गर्ने निर्वाचन क्षेत्र भित्रका सबै क्षेत्र र समुदायमा न्यायोचित ढंगले योजना वितरण गर्ने, विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन र जग्गाको उपलब्धता हेरी सम्भाव्य योजना मात्र छनौट गर्ने, संकलन भएका योजनाहरु मध्येबाट उपयुक्त देखिएका योजनाहरुलाई मन्त्रालयमा अन्तिम स्वीकृतिका लागि पठाउने जिम्मेवारी तोकिएको छ ।

'हिजोका दिनमा मन्त्रालयका कोठामा बसेर योजनाको लिष्ट बनाउने चलन थियो । अब हामीले त्यो अधिकार जनताले चुनेका प्रतिनिधि र स्थानीय आवश्यकता बुझेका सरोकारवालालाई दिएका छौं । प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यको नेतृत्वमा स्थानीय तहका प्रतिनिधि समेत बसेर योजना छान्दा त्यसको स्वामित्व र प्रभावकारिता दुवै बढ्छ । तर, समितिले सिफारिस गर्दा तोकिएको न्यूनतम बजेट सीमा र प्राविधिक मापदण्ड भने पालना गर्नैपर्छ', उनले भने । समितिको बैठक बस्नुभन्दा कम्तीमा ३ दिन अगाडि सदस्य-सचिवले कार्यसूची सहितको जानकारी गराउनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। संयोजक (प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य) अनुपस्थित भएमा सह-संयोजकको नेतृत्वमा पनि बैठक बस्ने र छनौट गरेका योजनाहरुलाई अनिवार्य रुपमा प्रदेश आयोजना बैंकमा प्रविष्ट गराउनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ ।

मन्त्री तामाङका अनुसार आगामी वर्षको बजेटमा व्यक्तिको नाम, कुलदेवता वा कुलपूजासँग जोडिएका कुनै पनि योजनामा प्रदेशले बजेट विनियोजन गर्ने छैन । गैरसरकारी संस्था र निजी क्लबहरुलाई दिइने सःशर्त अनुदानमा पनि निर्देशिका मार्फत् कडाइ गरिएको उनले बताए । राज्यको ढुकुटी व्यक्तिको नाममा बनाइने मन्दिर वा संस्थामा खर्च गर्नु न्यायोचित नहुने उनको भनाई छ । उक्त कार्यलाई पूर्णतः बन्द गर्ने निर्णय अनुसार बजेटलाई सार्वजनिक हित र उत्पादकत्व वृद्धिमा खर्च गर्ने सरकारको रणनीति रहेको उनले बताए। निर्देशिकाले बजेट तर्जुमाको स्पष्ट कार्यतालिका समेत तोकेको छ । जसअनुसार पुस मसान्तभित्र आयोजनाको विवरण संकलन गर्ने, माघ मसान्तभित्र बजेट सीमा तोक्ने र असार १ गते बजेट ल्याउने गरी प्रक्रिया निर्देशिकाले तय गरेको छ । मध्यमकालीन खर्च संरचना र आयोजना बैंकमा प्रविष्ट भएका योजनाले मात्र बजेटमा स्थान पाउने निर्देशिकाले तय गरेको छ ।

प्रदेशको आर्थिक अनुशासनलाई थप व्यवस्थित बनाउन र वितरणमुखी बजेटलाई उत्पादनमुखी र दिगो विकास लक्ष्यतर्फ अग्रसर गराउने कार्य सरकारले गरेको उनले बताए । निर्देशिकाले विकास आयोजनाहरु वर्षौंसम्म अलपत्र पर्ने अवस्थाको अन्त्य गर्ने प्रयत्न समेत गरेको मन्त्री तामाङको भनाई छ । झन्झटिलो प्रक्रिया र अन्य कारणबाट योजनाहरु समयमा सम्पन्न नहुने अवस्थालाई अन्त्य गर्न कार्यान्वयनको चरण र समयसीमा समेत निर्देशिकाले तोकेको उनले बताए । निर्देशिकाको दफा ४ को उपदफा (७) मा बजेटको आकारका आधारमा बजेटको समयसीमा तय गर्ने व्यवस्था गरिएको छ । निर्देशिकाले तोके बमोजिम १० करोड रुपैयाँसम्मका आयोजनाहरु बढीमा २ आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ भने १० करोडदेखि २० करोड रुपैयाँसम्मका आयोजनाहरु बढीमा ३ वर्षको समयसीमा तोकिएको छ ।

२० करोडदेखि ५० करोड रुपैयाँसम्मका आयोजनाहरु ४ आर्थिक वर्ष र ५० करोड रुपैयाँभन्दा बढी लागतका ठूला आयोजनाहरु अधिकतम ५ आर्थिक वर्षको अवधिमा सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ ।

### हेटौंडामा सङ्गम साहित्य उत्सव सम्पन्न

# बहुभाषिक तथा नवसर्जकले सुनाए कविता



*कार्यक्रममा सहभागी अतिथिहरु ।*

समाज संवाददाता

हेटौंडाः साहित्य सङ्गम मकवानपुरको सङ्गम साहित्य उत्सव अन्तर्गत दोस्रो दिन विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । शनिबार सङ्गमले स्रष्टा सम्मान, बहस, बहुभाषिक कवि गोष्ठी र नवसर्जक कवि गोष्ठी सम्पन्न गरेको हो ।

स्रष्टा सम्मान कायक्रममा कवि नरेन्द्र परासरलाई भेषनाथ स्मृति साहित्य सम्मान प्रदान गरिएको छ । विशाल अधिकारी आशुतोषले आफ्ना दिवङ्गत पिताको स्मृतिमा स्थापना गर्नुभएको १५ हजार ५ सय ५५ रुपैयाँ नगद राशिसहितको सम्मान कवि परासरलाई प्रदान गरिएको हो ।

लघुकथाकार श्याम श्रेष्ठलाई नगद ११ हजार १ सय ११ रुपैयाँ नगदसहित विनोद सुनिता सुवेदी साहित्य सम्मान प्रदान गरिएको छ । नगद १० हजार रुपैयाँको मङ्गलादेवी स्मृति नारी सम्मान साहित्यकार कल्पना पौडेल जिज्ञासुलाई प्रदान गरिएको छ ।

कवि तथा गीतकार श्यामकुमार बानियाँलाई मकवानपुर साहित्यश्री सम्मान प्रदान गरिएको छ । तत्कालीन जिल्ला विकास समितिले स्थापना गरेको यस सम्मानसहित कवि बानियाँलाई १५ हजार ५ सय ५५ रुपैयाँ नगद प्रदान गरिएको छ । यस्तै, अग्रज साहित्यकार स्नेह सायमीलाई १५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित पारिजात स्मृति साहित्य सम्मान प्रदान गरिएको छ । कार्यक्रममा मुक्तककार दिनेश शर्मालाई १० हजार नगदसहितको मुक्ति तारा साहित्य सम्मान प्रदान गरिएको छ ।

कार्यक्रममा २०८२ सालभित्र प्रकाशित कृतिका कृतिकारहरुलाई पनि सम्मान गरिएको छ। कार्यक्रममा राजाराम बर्तौलालाई काठमाडौं प्यारडाइज (यात्रा संस्मरण), एसआर मञ्जरीको मञ्जरी (मुक्तक संग्रह), खनित गणेशको लाफा (उपन्यास), छवि अनित्यको बाल महाभारत ( बाल आख्यान), तुलसी घिमिरेको काव्य सुधा (कविता संग्रह), गोविन्द गिरी प्रेरणाको अविधा (कथा संग्रह) सुमि थिङको जीवनको गोरेटा (मुक्तक संग्रह), कल्पना श्रेष्ठको निलो हस्ताक्षर (कविता संग्रह) कृतिका लागि सम्मान गरिएको छ । नेपाली कवितामा वक्रोक्ति शीर्षकमा विद्यावारिधी प्राप्त गर्न सफल साहित्यकार विश्वनाथ सञ्जेललाई पनि सम्मान गरिएको छ । साहित्य सङ्गम मकवानपुरका आजीवन सदस्यहरुलाई प्रमाणपत्र प्रदान गरिएको छ ।

कार्यक्रममा मकवानपुरका सेवानिवृत्त शिक्षकहरुसँग मनका कुरा, जीवनका कुरा शीर्षकमा बहस गरिएको थियो । साहित्य सङ्गम मकवानपुरका उपाध्यक्ष मनोज पोखरेलले सहजीकरण गर्नुभएको कार्यक्रममा सेवानिवृत शिक्षकहरु रमेशप्रसाद लामिछाने तथा देवप्रसाद श्रेष्ठसँग आफ्ना जीवनका भोगाइ र वर्तमान परिप्रेक्ष्यबारे छलफल भएको थियो ।

सङ्गम साहित्य उत्सवमा बहुभाषिक र नवसर्जकको कविगोष्ठी सम्पन्न भएको छ । बहुभाषिक गोष्ठीमा विभिन्न जिल्लाका साहित्यकारहरुले विभिन्न भाषामा आफ्ना कविता वाचन गरेका थिए ।

कार्यक्रममा नेपाली भाषामा मकवानपुरकी भावना सापकोटा, संस्कृत भाषामा देवघाटका मधुसुदन आचार्य, बज्जिका भाषामा रौतहटका किसुन दयाल यादव, हिन्दी भाषामा मकवानपुरका किसन पौडेलले कविता वाचन गर्नुभएको थियो । सोलुखुम्बुका अजय कुलुङले कुलुङ भाषामा, कवि विष्णु राईले देवास राई भाषामा, बाराका यस लामाले तामाङ भाषामा, सिन्धुलीका निरुपम श्रेष्ठले नेपाल भाषामा, तिलक चाम्लिङले चाम्लिङ भाषामा, तनहुँकी माया गुरुङले गुरुङ भाषामा कविता बाचन गर्नुभएको थियो ।

यस्तै, महोत्तरीका अजयकुमार झाले मैथिली भाषामा, धादिङकी अमृता स्मृतिले अंग्रेजी भाषामा, रमेछापकी प्रतिक्षा माझीले माझी भाषामा, चितवनका मनोज चौधरीले थारु भाषामा र पर्साका आमोद गुप्ताले भोजपुरी भाषामा आफ्ना कविताहरु वाचन गर्नुभएको थियो । धेरै जिल्लाका विभिन्न भाषाहरुमा कविता वाचन गर्दा अतुलनीय क्षण बन्न पुगेको कार्यक्रमका सहभागीहरुले बताएका छन् ।

शनिबार नै नवसर्जकहको कविता गोष्ठी आयोजना भएको छ । कार्यक्रममा मकवानपुरमा उदयीमान नवसाहित्यकारहरु कृतिका लौडारी, राज कार्की, रोशिका भट्टराई, मोनिका नेगी, अनसुया खनाल, सर्जु भण्डारी, सदीक्षा नेपाल, सुप्रिया पन्त, राशिका खनाल, विप्लब आचार्यलगायतले आफ्नो रचना बाचन गर्नुभएको छ । साहित्य सङ्गमको ३ सय ६६ औं नियमित साहित्य सन्ध्या अन्तर्गत शुक्रबार मुक्तक उत्सव र गजल महफिल सम्पन्न भइसकेको छ । साहित्य सङ्गम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यकारहरु आरसी रिजाल, लक्ष्मी माली, स्नेह सायमी, प्रोल्लास सिन्धुलीय, निमेष निखिललगायत विभिन्न बिधाका साहित्यकारहरुको उपस्थिति थियो ।

# स्थानीय तहको सिमाना हेरफेर तथा वर्गीकरणका लागि छलफल

समाज संवाददाता

हेटौंडाः स्थानीय तहको सिमाना हेरफेर तथा पालिका वर्गीकरण पुनरावलोकनका लागि मकवानपुरका सरोकारवालाबिच प्रारम्भिक छलफल भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्ला समन्वय समिति तथा हाल कायम रहेका स्थानीय तहको अवस्था तथा संरचना परिवर्तनका लागि शुक्रबार जिल्लाका जनप्रतिनिधिहरुबिच छलफल भएको हो ।

कार्यक्रममा मकवानपुरका प्रतिनिधिसभा सदस्य प्रशान्त उप्रेती, बागमती प्रदेशसभा सदस्यहरु एकालाल श्रेष्ठ, प्रेमबहादुर पुलामीलगायत अधिकांश स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु र प्रशासकीय अधिकृतहरुको सहभागिता थियो । गत बैशाख ३ गते मन्त्रालयले सबै जिल्ला समन्वय समितिमा परिपत्र गरी आफ्ना जिल्लाभित्रका स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३, ५,६, ७ र ८ मा उल्लेखित व्यवस्थाका आधारमा गाउँपालिका तथा नगरपालिका तथा वडाहरुको संख्या तथा सिमाना हेरफेर, पालिकाहरु गाभिने तथा विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्न मापदण्ड २०८३ सहित सुझावको माग गरेको थियो । यसैका लागि शुक्रबार मकवानपुरका जनप्रतिनिधिहरुको छलफल सम्पन्न भएको थियो ।

**जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा ७ सदस्यीय स्थानीय तहलाई गाभ्न तथा वर्गीकरणका लागि जिल्लाको तर्फबाट अध्ययन समिति रहने मापदण्डले तोकेको छ ।**

कार्यक्रमका सहभागीहरुले गाउँपालिका तथा नगरपालिका र वडाको संख्या हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकनसम्बन्धी मापदण्ड २०८३ मा उल्लेखित कतिपय प्रावधानहरु अव्यवहारिक भएको भन्दै मापदण्ड खुकुलो बनाई स्थानीय तहको संरचना हेरफेर गर्न सुझाव दिएका छन् । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा ७ सदस्यीय स्थानीय तहलाई गाभ्न तथा वर्गीकरणका लागि जिल्लाको तर्फबाट अध्ययन समिति रहने मापदण्डले तोकेको छ । २०८३ को पछिल्लो मापदण्डअनुसार स्थानीय तहको पुनर्संरचना गर्न स्थानीय तहले प्रस्ताव पेश गर्ने, प्रदेश सरकारले सिफारिस गर्ने र संघीय मन्त्रालयले नेपाल सरकारको मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने प्रक्रिया तोकिएको छ ।



# सम्पादकीय

## सुकुम्बासीको स्थायी व्यवस्थापन होस्

राजधानी काठमाडौंको विभिन्न खोला, नदी किनारको सुकुम्बासी तथा अव्यवस्थित बस्ती हटाउने प्रक्रिया सुरु भएपछि एक प्रकारको तरङ्ग पैदा भएको छ । दशकौंदेखि मुलुकका विभिन्न भागमा भूमिहीन सुकुम्बासी, लालपूर्जाहीन र अव्यवस्थित बसोबासीको समस्या जटिल बनिरहेको छ । विगतका राजनीतिक दलहरुले सकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई भोट बैंकको रुपमा प्रयोग गर्दै आएका कारण यो समस्या समाधान हुन नसकेको हो । सुकुम्बासी समस्या समाधानकै लागि हालसम्म करिब २ दर्जन आयोग आयोग बनाइएको भए पनि समस्या झन् झन् जटिल बन्दै गएको पाइन्छ । अधिकांश आयोग राजनीतिक दलका नेता तथा कार्यकर्तालाई जागिर दिनेबाहेक ठोस काम हुन सकेन । केही आयोगले सिमित व्यक्तिलाई लालपूर्जा वितरण गरेर केही सुकुम्बासीलाई भूमिपति बनाएको भए पनि सुकुम्बासीको संख्या र समस्या दुबै बढ्दै गइरहेको छ ।

नेपालमा भूमिसम्बन्धी ऐन २०२१ मा "भूमिहीन दलित", "भूमिहीन सुकुम्बासी" र "अव्यवस्थित बसोबासी"लाई अलग-अलग परिभाषित गरिएको छ । देशभर आफ्नो वा परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र आश्रित परिवारका सदस्यलाई सकुम्बासी भनिएको छ । यस्तै, सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएतापनि कम्तिमा १० वर्षदेखि आवाद गरी घर, टहरा बनाई बसोबास गरेका व्यक्तिलाई अव्यवस्थित बसोबासीको रुपमा परिभाषित गरिएको छ । वास्तविक भन्दा राजनीतिक पहुँच र दलीय संरक्षण पाएका अन्यत्र जग्गा जमिन भएकाहरु पनि भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको रुपमा लाभ लिन खोज्ने गरेका कारण यो समस्या जटिल बन्दै गएको मान्न सकिन्छ ।

अहिले सरकारले काठमाडौंको थापाथलीस्थित बागमती नदी किनारको बस्ती, गैरीगाउँ तथा मनोहरा क्षेत्रको सकुम्बासी बस्ती खाली गराउने काम सुरु गरेको छ । शनिबार थापाथली र गैरीगाउँको बस्ती भत्काएको भए पनि मनोहरा क्षेत्रमा स्थानीय प्रतिकारमा उत्रिएपछि काम रोकिएको छ । सरकारले शनिबार र आइतबार बस्ती भत्काउने योजनाअनुसार काम गरिरहेको छ भने बस्तीमा रहेकालाई सुरक्षित स्थानमा अस्थायी बसोबास गराउने र पहिचान भएका सुकुम्बासीलाई स्थायी बसोबासको व्यवस्था गर्ने कार्ययोजना अघि सारेको छ । काठमाडौंका अव्यवस्थित बसोबासीलाई हटाउने अभियान सुरु भएपछि अहिले देशैभरिका यस्ता बस्तीमा बसोबास गर्दै आएका व्यक्तिहरुमा त्रास र आशंका बढेको छ । हेटौंडा-११, गोल्फिनटारमा रहेको ठूलो बस्तीका बासिन्दाहरु पनि अन्योलमा परेका छन् । राप्ती खोलाको किनारमा दशकौंदेखि बसोबास गर्दै आएका दुई हजारभन्दा बढी घरधुरी लालपूर्जाविहीन छन् । हरेक निर्वाचनमा राजनीतिक दलहरुले आफूले जितेमा लालपूर्जा वितरण गर्ने भन्दै भोट माग्ने गरेको भए पनि उनीहरुले हालसम्म लालपूर्जा पाउन सकेका छैनन् ।

वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई सरकारले हल गर्नैपर्छ । दशकौंसम्म समस्या समाधान नगर्दा धेरै मानिस त्रास र पीडामा बाँचिरहेका छन् । मुलुकभरका भूमिहीन/दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्याको स्थायी समाधानमा वर्तमान सरकार अग्रसर बन्नु आवश्यक छ । काठमाडौं उपत्यकाको अव्यवस्थित बस्ती खाली गराएर त्यहाँ रहेका बास्तविक सुकुम्बासीको व्यवस्थापनसँगै देशका सबै क्षेत्रमा रहेका सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानमा सरकारको ध्यान जानुपर्छ । सुकुम्बासीको नाममा गैरसुकुम्बासीले फाइदा लिने अवस्था आउन नदिनेतर्फ पनि सरकार सचेत बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : कर्मयोगी प्रवृतिको बनाउन मद्दत मिल्नेछ । |
| **वृष** | : सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ । |
| **मिथुन** | : आर्थिक दृष्टिले ठिकै समय रहेको छ । |
| **कर्कट** | : भेटघाट र यात्रा योगमा सरिक भइने छ । |
| **सिंह** | : प्रेममा माया बढ्ने समय योग रहेको छ । |
| **कन्या** | : शरीर स्वस्थता र काममा उत्सुकता बढ्ने योग छ । |
| **तुला** | : काममा द्विविधा बढने समय योग देखिन्छ । |
| **वृश्चिक** | : नसोचेको ठाउँबाट लाभ प्राप्त हुने योग छ । |
| **धनु** | : समय र बाध्यतामा खुम्चनु पर्ने योग छ । |
| **मकर** | : नयाँ विषयवस्तुले आकर्षित बनाउने छ । |
| **कुम्भ** | : पुरुषार्थी कामले स्थापित बनिने योग छ । |
| **मीन** | : बोलीमा बिचार पुऱ्याउँदा राम्रो रहने समय छ । |

# हेटौँडाको फोहोर व्यवस्थापनका चुनौति



**बिशभ अधिकारी**



हेटौँडा उपमहानगरपालिकाको फोहोर व्यवस्थापनको विषय लामो समयदेखि जटिल देखिएको छ । यो उचित ढंगले व्यवस्थापन नहुँदा बिस्तारै जनस्वास्थ्य, वातावरण र शासन प्रणालीको गम्भीर असफलताको प्रतिरूप बन्दै गएको छ । शहरको नजिकै अवस्थित डम्पिङ साईट अहिले केवल फोहोर थुपार्ने ठाउँ नभएर एक प्रकोपको जोखिम सिर्जना गर्ने क्षेत्रमा परिणत हुँदैछ, जहाँ हरेक दिन नागरिकहरूको स्वास्थ्य, वातावरणीय सन्तुलन र भविष्य जोखिममा परिरहेको छ । दुर्गन्ध, फोहोर र अव्यवस्थासम्म सीमित छैन यो दीर्घकालीन रूपमा मानव जीवन, जैविक विविधता र सामाजिक संरचनामाथि असर पार्ने खालको संकट हो ।

म शुक्रबार डम्पिङ साईटमा पुगेर प्रत्यक्ष अवलोकन गरेँ । त्यहाँ देखिएको अवस्था केवल चिन्ताजनक मात्र होइन, डरलाग्दो थियो । अस्पतालबाट निस्कने सुई, संक्रमित वस्तु, रासायनिक फोहोर यी सबै एउटै स्थानमा खुला रूपमा फालिएको थियो । त्यहीँ जैविक र अजैविक फोहोर पनि मिसिएको थियो । कुनै किसिमबाट फोहरलाई विभाजन गरिएको थिएन, कुनै सुरक्षा मापदण्ड अपनाइएको थिएन र कुनै वैज्ञानिक प्रक्रिया देखिएन । यस्तो अवस्था केवल व्यवस्थापनको मात्र कमजोरी होइन, यो सीधै नागरिकहरूको जीवनप्रतिको लापरवाही हो । अझ खतरनाक कुरा के छ भने, यस्तो फोहोरसँग सम्पर्कमा आउने मजदुरहरू र नजिकै बसोबास गर्ने समुदाय पूर्णरूपमा जोखिममा छन्, जहाँ संक्रमण, विषाक्तता र दीर्घकालीन रोगहरूको खतरा अत्यन्त उच्च हुन्छ ।

फोहोर व्यवस्थापनको आधारभूत सिद्धान्त भनेको स्रोतमै फोहरलाई छुटाउनु हो । जसअनुसार फोहोरलाई सुरुमै छुट्याएर व्यवस्थापन गरिनुपर्छ । तर हेटौँडामा यो आधारभूत अवधारणा नै कार्यान्वयनमा आएको देखिँदैन । जब जैविक, अजैविक र हानिकारक फोहर एउटै ठाउँमा मिसाइन्छ, त्यहाँ रासायनिक प्रतिक्रिया सुरु हुन्छ, मिथेन जस्ता ग्यासहरू उत्पादन हुन्छन्, जुन विस्फोटक र वातावरणका लागि हानिकारक हुन्छन् । साथै, यस्तो मिश्रित फोहोरबाट निस्कने दूषित तरल पदार्थले भूमिगत पानीलाई प्रदूषित गर्छ, जसले दीर्घकालीन रूपमा खानेपानी प्रणालीलाई समेत असर पार्न सक्छ ।

यस समस्यालाई अझ गम्भीर बनाउने अर्को पक्ष हो डम्पिङ साइटमा गरिने खुला आगजनी । फोहोर व्यवस्थापनको नाममा त्यहीँ आगो लगाउने अभ्यासले डायोजिन र फुरान जस्ता अत्यन्त विषालु रसायनहरू हावामा फैलाउँछ । यी तत्वहरू विश्व स्वास्थ्य संगठनका अनुसार क्यान्सर, श्वास-प्रश्वास, प्रजनन् स्वास्थ्यमा असन्तुलन जस्ता गम्भीर स्वास्थ्य समस्याका प्रमुख कारण हुन् । यस्तो अवस्थामा पनि स्थानीय सरकारले समयमै दमकल नपठाउनु, वा यस्तो गतिविधिलाई रोक्न प्रभावकारी कदम नचाल्नु, राज्यको उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठाउने विषय हो ।

कानूनी दृष्टिकोणबाट हेर्दा नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार प्रदान गरेको छ । यस्तो अवस्थामा हेटौँडाको वर्तमान अवस्था संविधानद्वारा सुनिश्चित अधिकारको प्रत्यक्ष उल्लंघन हो । यससँगै, अन्तर्राष्ट्रिय रूपमा र नेपालको वातावरण संरक्षण ऐन २०७६ ले स्वीकार गरिएको फोहर सर्जकले नै तिर्नुपर्ने सिद्धान्त अनुसार प्रदूषण गर्ने पक्षले त्यसको लागत व्यहोर्नुपर्छ । तर यहाँ न त नगरपालिका, न त फोहोर व्यवस्थापन गर्ने कम्पनी कसैले पनि आफ्नो जिम्मेवारी वहन गरेको देखिँदैन, जसले सरकारको असफलतालाई स्पष्ट रूपमा देखाउँछ ।

विश्वका विभिन्न देशहरूले फोहोर व्यवस्थापनलाई समस्या नभई अवसरको रूपमा प्रयोग गरेका छन् । सिंगापुरले फोहरबाटै बिजुली उत्पादन गर्दै ल्याण्डफिलको प्रयोग न्यून बनाएको छ । स्वीडेनमा ९९ प्रतिशतभन्दा बढी फोहोर लाई पुनःप्रयोग वा ऊर्जा उत्पादनमा प्रयोग गरिन्छ, जसले ल्याण्डफिल प्रणालीलाई लगभग अन्त्य गरेको छ । जापानमा नागरिकस्तरमै कडारुपमा फोहरलाई विभाजन गर्ने प्रणाली लागू गरिएको छ, जहाँ फोहोरलाई १०-१५ वर्गमा छुट्याइन्छ र नियम उल्लंघन गर्दा दण्डको व्यवस्था छ । दक्षिण कोरियाले खाद्यान्नजन्य फोहरलाई अलग गरेर प्रविधिको प्रयोगमार्फत पहिचान र व्यवस्थापन गर्छ, जसले फोहोर घटाउने मात्र होइन, स्रोतको रूपमा प्रयोग गर्ने वातावरण सिर्जना गरेको छ ।

यसका अतिरिक्त जर्मनीले अर्थतन्त्रको चक्रको अवधारणा लागू गर्दै फोहोरलाई पुनःउत्पादन चक्रमा ल्याउने नीति अपनाएको छ, जहाँ पुनःप्रयोगको दर अत्यन्त उच्च छ । नेदरल्याण्डले सन् २०५० सम्म शून्य फोहर लक्ष्य राख्दै ल्याण्डफिल पूर्णरूपमा हटाउने योजना अघि बढाएको छ । संयुक्त अधिराज्य अमेरिकामा आधुनिक सेनिटरी ल्याण्डफिल प्रयोग गरिन्छ, जहाँ फोहोरलाई वैज्ञानिक तरिकाले व्यवस्थापन गरिन्छ दूषित तरल पदार्थ नियन्त्रण, ग्यास संकलन र वातावरणीय अनुगमन अनिवार्य रूपमा गरिन्छ ।

नेपालमा पनि घोराही उपमहानगरपालिकाले फोहर व्यवस्थापनलाई व्यवस्थित गर्दै व्यवहार परिवर्तनको पक्षलाई प्राथमिकता दिएको देखिन्छ । यहाँ फोहर संकलन गर्दा जनताबाट शुल्क नउठाउने मात्र होइन, बरु फोहर छुट्याएर ल्याउनेलाई प्रोत्साहनस्वरूप पैसा दिने अभ्यास समेत सुरु गरिएको छ । यसरी 'फोहर उठाए बापत पैसा लिने' परम्परागत प्रणालीभन्दा फरक 'फोहर व्यवस्थापनमा सहभागिता जनाए बापत पैसा दिने' नवीन अभ्यासले नागरिकमा सचेतना वृद्धि गर्नुका साथै फोहरलाई स्रोतका रूपमा प्रयोग गर्ने सोचको विकास गरेको छ । नेपालमा पनि घोराही उपमहानगरपालिकाले फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन निजी क्षेत्रसँग सहकार्य गरेको छ । उक्त उपमहानगरपालिकाले सम्बन्धित कम्पनीसँग सम्झौता गरी फोहर संकलन तथा व्यवस्थापनको जिम्मेवारी दिएको छ ।

हेटौँडाका लागि अब समाधानहरू स्पष्ट छन् तर राजनीतिक इच्छाशक्ति र कार्यान्वयनको अभाव देखिन्छ । घरघरबाटै फोहरको वर्गीकरण अनिवार्य गरिनुपर्छ, जसले व्यवस्थापन प्रक्रियालाई सहज बनाउँछ । जैविक फोहोरबाट जैविक ग्यास वा जैविक मल उत्पादन गर्न सकिन्छ, जसले ऊर्जा र कृषि दुवै क्षेत्रमा योगदान दिन सक्छ । दीर्घकालीन रूपमा फोहरबाट उर्जा परियोजना विकास गर्न सकिन्छ, जसले फोहोरलाई आर्थिक स्रोतमा रूपान्तरण गर्न सक्छ । अस्पतालमा आधारित फोहरका लागि छुट्टै फोहर व्यवस्थापन केन्द्र स्थापना गर्नु अत्यावश्यक छ, जसले संक्रमण र जोखिमलाई नियन्त्रण गर्न सक्छ । साथै, डम्पिङ साइटको वैज्ञानिक स्तरोन्नति वा नयाँ स्थानको पहिचान पनि आवश्यक छ, किनकि शहर नजिकै यस्तो जोखिमपूर्ण संरचना राख्नु योजनाको असफलता हो । ठेकेदारहरूको कडा अनुगमन, खुला रुपमा फोहर जलाउने कार्यलाई पनि पूर्ण प्रतिबन्ध र कानूनी दण्ड प्रणाली लागू नगरेसम्म सुधार सम्भव छैन ।

हेटौँडाको फोहोर व्यवस्थापन केवल वातावरणीय मुद्दा होइन, यो शासन, जवाफदेहिता र नागरिक अधिकारको सवाल हो । हिजो डम्पिङ साइटमा उभिँदा देखिएको दृश्यले एउटा कुरा स्पष्ट बनायो हामी फोहोर व्यवस्थापन गरिरहेका छैनौं, हामी समस्या थुपारिरहेका छौं । यदि आज पनि वैज्ञानिक व्यवस्थापन, कानूनी उत्तरदायित्व र दीर्घकालीन सोच लागू गरिएन भने भोलि यो समस्या केवल वातावरणीय संकट मात्र होइन, एक गम्भीर जनस्वास्थ्य आपतकालमा परिणत हुनेछ । अब प्रश्न स्पष्ट छ हामी फोहोरलाई स्रोतमा रूपान्तरण गर्ने कि आफ्नै भविष्यलाई जोखिममा राख्ने ? अस्तु ॥

# हेटौँडा अस्पतालका समस्या र समाधान



**सन्देश अधिकारी**




'स्वास्थ्य नै धन हो' भन्ने उक्ति निकै सत्य छ । मानिस स्वस्थ भए मात्र उसले आफ्नो जीवन सुखी र सफल बनाउन सक्छ । त्यसैले गुणस्तरीय स्वास्थ्य सेवा प्रत्येक नागरिकको आधार भूत आवश्यकता हो । हेटौँडा सरकारी अस्पतालमा बिरामीको चाप धेरै हुने भएकाले सेवा लिन कठिनाइ हुन्छ । सबैभन्दा पहिले कुपन लिन बिहानैदेखि लामो लाइन बस्नुपर्ने समस्या छ । यसलाई व्यवस्थापन गर्नका लागि वृद्धवृद्धा, महिला, बालबालिका र १८ वर्षभन्दा माथिका पुरुषका लागि छुट्टाछुट्टै चार लाइन बनाउनु आवश्यक छ । यसले भीड नियन्त्रण गर्न र सबैलाई सहज सेवा दिन मद्दत गर्दछ ।

टिकट काउन्टरमा पनि बिरामीको भीड अत्यधिक हुने गर्छ । आफ्नो पालो नआउँदै धेरै मानिस अगाडि जाने समस्या देखिन्छ । यसलाई रोक्न कडा नियम लागू गर्नुपर्छ । लाइन व्यवस्थापनका लागि बेरिकेड (घेरा) राख्नुपर्छ र कर्मचारीले कडाइका साथ पालोअनुसार सेवा दिनुपर्छ । यसले अनुशासन कायम राख्छ र सबैलाई समान अवसर मिल्छ । डाक्टरलाई भेट्ने क्रममा हुने भीड कम गर्न वृद्धवृद्धा, महिला, बालबालिका र १८ वर्षभन्दा माथिका पुरुषका लागि छुट्टाछुट्टै डाक्टरको व्यवस्था गर्नुपर्छ । यसो गर्दा प्रत्येक समूहका बिरामीले आफ्नै आवश्यकता अनुसार छिटो र सजिलो सेवा पाउन सक्छन् । विशेषगरी वृद्धवृद्धा र बालबालिकालाई लामो समय कुर्नु नपर्ने हुन्छ, जसले उनीहरूको स्वास्थ्यमा थप समस्या आउन दिँदैन । यस व्यवस्थाले अस्पतालमा भीड व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ र समग्र सेवा अझ छिटो, व्यवस्थित र प्रभावकारी बन्छ ।

डाक्टरलाई भेटेपछि बिरामीलाई थप जाँचका लागि पठाइन्छ, तर एक्स-रे तथा भिडियो एक्स-रे कोठा कम हुँदा धेरै समय कुर्नुपर्ने अवस्था छ । बिरामीहरूको संख्या दिन-प्रतिदिन बढ्दै गएको छ तर जाँच कक्ष र उपकरण सीमित हुँदा लामो लाइन बस्नुपर्ने हुन्छ । कतिपय बिरामीहरू घण्टौँसम्म पालो कुर्न बाध्य हुन्छन्, जसले उनीहरूको स्वास्थ्य अवस्था झन् बिग्रन सक्छ । आपत्कालीन बिरामीहरूका लागि त यस्तो ढिलाइ अझ जोखिमपूर्ण हुन सक्छ । यस समस्याको समाधानका लागि अस्पतालले थप जाँच कक्षहरू निर्माण गर्नुपर्छ र आधुनिक तथा छिटो काम गर्ने मेसिनहरूको व्यवस्था गर्नुपर्छ । साथै, प्राविधिक कर्मचारी (टेक्निसियन) को संख्या पनि बढाउनुपर्छ ताकि सेवा निरन्तर र छिटो रूपमा सञ्चालन हुन सकोस् । बिरामीको चापअनुसार समय तालिका मिलाएर काम गर्ने व्यवस्था गर्नुपर्छ र आपतकालीन बिरामीलाई प्राथमिकता दिने प्रणाली लागू गर्नुपर्छ । यसरी व्यवस्थापन गर्न सकेमा जाँच प्रक्रिया छिटो, सहज र प्रभावकारी हुनेछ र बिरामीहरूले समयमै उपचार पाउनेछन् ।

जाँचपछि रिपोर्ट लिन लामो समय कुर्नुपर्ने अर्को ठूलो समस्या हो । यसलाई समाधान गर्न प्रविधिको प्रयोग गरी ४५ मिनेटदेखि १ घण्टाभित्रै रिपोर्ट उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । यसले बिरामीको समय बचत गर्छ र सेवा अझ प्रभावकारी बनाउँछ । रिपोर्ट पाएपछि फेरि डाक्टर लाई देखाउन लाइन बस्नुपर्ने हुन्छ । त्यसैले डाक्टरलाई पहिलोपटक भेट्ने र रिपोर्ट देखाउने बिरामीका लागि छुट्टाछुट्टै लाइन बनाउनु आवश्यक छ ।

औषधि लिने समयमा अस्पतालमा सबै आवश्यक औषधि उपलब्ध हुनु अत्यन्त जरुरी छ । तर अस्पतालमा केही आवश्यक औषधिहरू अभाव हुने समस्या देखिन्छ, जसका कारण बिरामीहरू बाहिरको मेडिकलबाट महँगो मूल्यमा औषधि किन्न बाध्य हुन्छन् । यसले विशेषगरी आर्थिकरूपमा कमजोर तथा बीमाबाट सेवा लिने बिरामीहरूलाई थप समस्या पुऱ्याउँछ । यस समस्याको समाधानका लागि अस्पतालले औषधिको नियमित आपूर्ति सुनिश्चित गर्नुपर्छ र भण्डारण व्यवस्थापनलाई कडाइका साथ लागू गर्नुपर्छ । कुन औषधि कति आवश्यक छ भन्ने कुराको सही योजना बनाएर समयमै खरिद गर्ने व्यवस्था गर्नुपर्छ । साथै औषधि वितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउनु आवश्यक छ ताकि कुनै पनि बिरामीले आवश्यक औषधि सजिलै पाउन सकोस् । यसरी उचित व्यवस्थापन गर्न सकेमा बिरामीहरूले सहज, सस्तो र प्रभावकारी उपचार सेवा प्राप्त गर्न सक्नेछन् ।

हेटौँडा अस्पतालमा देखिएका यी समस्याहरू उचित व्यवस्थापन, कडा नियम र आधुनिक प्रविधिको प्रयोगबाट समाधान गर्न सकिन्छ । यसरी सुधार गरेमा बिरामीहरूले छिटो, सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेछन् ।

# सपना र विपना

एउटा जंगल थियो । थुप्रै वृक्ष थिए तर तीनवटा वृक्ष घनिष्ट साथी बनेका थिए । एक दिनको कुरा हो । ती तीनवटा वृक्ष आपसमा कुराकानी गरिरहेका थिए । पहिलो वृक्षले चाहना बतायो- मलाई संसारका सबैभन्दा मूल्यवान् रत्न राख्ने पेटी बनाइयोस् ।

दोस्रो वृक्षले पनि चाहना साट्यो- 'म यस्तो पानीजहाज बन्न पाउँ, जसमा ठूलाठूला मानिस मात्र सवार होऊन् ।' तेस्रो वृक्ष पनि अघि सऱ्यो र आफ्नो चाहना भन्न थाल्यो- 'म यहीँ ठाउँमा बसेर यति अग्लो हुन सकूँ कि मलाई मानिसले स्वर्गजस्तै सम्झिऊन् ।' केही वर्षसम्म तीनवटै वृक्ष आआफ्नै महत्वाकांक्षामा खुसी साट्दै कुरा गरिरहे । तीन वर्ष पूरा के भएको थियो, कोही आएर ती तीनवटै वृक्षलाई काटिदियो ।

पहिलो वृक्ष गाईबस्तुको आहार राख्ने डुँड बन्यो । दोस्रो वृक्षलाई एउटा सामान्य डुंगा बनाइयो । तेस्रो वृक्षलाई मानिसले सडकको किनारामा फ्याँकिदिए । सबै वृक्ष आआफ्नो सपना



पूरा नभएकोमा दुःखी भए । जे भए पनि उनीहरू न बोल्न सक्थे, न कसैलाई कारबाही गर्न नै ।

एक दिन जुन ठाउँमा पहिलो वृक्षबाट बनेको पेटी राखिएको थियो, त्यहाँ एउटी स्त्रीले बच्चा जन्माइन् । उक्त पेटी बच्चालाई सुत्ने ठाउँ बनाइयो । दोस्रो वृक्षबाट जब डुंगा बनेको थियो । एक दिन समुद्रमा आँधी आयो र यात्रुले आँधीलाई रोक्न प्रार्थना गर्नेबित्तिकै आँधी थामियो । तर धेरै समयसम्म सडकमा मिल्किएर रहेको वृक्षबाट लास राख्ने बाकस बन्यो, त्यही बाकसमा विश्व प्रसिद्ध एक व्यक्तिले प्राण त्यागे ।

(नैतिक शिक्षा : सपना सबैले देखेका हुन सक्छन् । तर, सबैका सपना पूरा नहुन सक्छन् । नसोचेका काम हुन पनि सक्छन् ।)

# धनकुटामा पनि सेवाग्राहीको घरघरमै राहदानी पुऱ्याउन सुरु



*सेवाग्राहीलाई घरमै राहदानी हस्तान्तरण गरिँदै ।*

धनकुटा : जिल्ला प्रशासन कार्यालय धनकुटाले सेवाग्राहीको राहदानी घरघरमै पुऱ्याउने व्यवस्था सुरु गरेको छ । जिल्ला प्रशासनले जिल्ला हुलाक कार्यालयसँग सम्झौता गरी तोकिएको शुल्क लिएर सेवाग्राहीको घरमै राहदानी पुऱ्याउने व्यवस्था गरेको हो । सरकारको शासकीय सुधार कार्यक्रम अन्तर्गत सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउने कार्यक्रम अन्तर्गत यो कार्यक्रम सुरु गरिएको प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काले बताए ।

मन्त्रिपरिषद्को गत चैत्र १३ गतेको बैठकले एक सय बुँदे शासकीय सुधारको कार्यसूचीको बुँदा नं. २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उल्लेख छ । प्रशासन र हुलाक कार्यालयबीच सम्झौता गरि राहदानी भर्न आउनेलाई यही लिन आउने की घरमै ल्याइदिनु भनेर सोध्ने र त्यसपछि घरमै भन्नेलाई भिन्दै फारम भराई फारममा रहेको ठेगानामा राहदानी पुऱ्याउन प्रमुख जिल्ला अधिकारी खड्काले बताए । घरमै राहदानी ल्याउनु भन्ने सेवाग्राहीलाई हुलाक महशुल शुल्क भने लाग्ने भएको छ । घरमै ल्याइदिनु भन्ने सेवाग्राहीले अतिरित्त फारममा विस्तृतमा ठेगाना भरेपछि हुलाकको रजिष्ट्रर नम्बर रसिद उपलब्ध गराइने जिल्ला हुलाक कार्यालयका सुचना अधिकारी ईश्वर श्रेष्ठले बताए ।

यस्तै राहदानीको तौल अनुसार ५५ रुपैयाँ लाग्ने उनको भनाइ छ । त्यसपछि खाममा नाम ठेगाना लेखेर, राहदानीको तौल बराबरको अर्थात् ५५ रुपैयाँको टिकट टाँसेर कार्यालयले राखेर काठमाडौंबाट राहदानी बनेर आइसकेपछि घरमा पुऱ्याइने श्रेष्ठले बताए । जसको लागि हुलाक कार्यालयले एक जना कर्मचारी जिल्ला प्रशासनमै राखिने भएको छ । यो सेवा वैशाख १४ गते सोमबार देखि राहदानीको फारम भर्नेलाई उपलब्ध गराइने भएको छ । सोमबार भन्दा अगाडि राहदानी फारम भरि सकेका सेवाग्राहीको हकमा भने हुलाक दस्तुर असुल्न समस्या हुने भएकाले यो सेवा नपाउने जिल्ला हुलाक कार्यालयले जनाएको छ । तीन नगरपालिका र चार गाउँपालिका रहेको धनकुटामा ६० वटा वडामा सर्वसाधारणले सोमबार बाट सुरु हुने हुलाक सेवामार्फत राहदानी पाउने व्यवस्था प्रभावकारी हुने बताइएको छ ।

घरमै सेवा पुरुऱ्याउँदा सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने झन्झट घट्ने साथै लाइन बस्नुपर्ने समस्या कम हुने र समय तथा खर्च दुवै बचत हुने भएको छ । विशेषगरी धनकुटाका शहरी क्षेत्र भन्दा ग्रामीण क्षेत्रका नागरिकका लागि यो सेवा प्रभावकारी हुने देखिएको छ । घरघरमै राहदानी वितरणसँगै हुलाक सेवा सरकारी कुरियर सेवाका रूपमा विकास भइ कार्यान्वयन आएको जिल्ला हुलाक कार्यलय धनकुटाका प्रमुख रामकुमार श्रेष्ठले बताए । उनले सरकारले घोषणा गरेको सेवालाई थप प्रभावकारी बनाउँन लागि पर्ने समेत प्रतिबद्धता व्यक्त गरे ।

*स्रोत : अनलाइनखबर ।*

# कुमार बेनका दाजुले चलाउँदै छन् खेलकुद मन्त्रालय



काठमाडौं : सिद्धि व्यञ्जनकार सहितको टोली गत सोमबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा सञ्चालन भएको 'राष्ट्रिय टिम तयारी' पुग्यो । शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री सस्मित पोखरेल बिना नै सिद्धिसहितको टोली खेलकुद मन्त्रालयको तर्फबाट उक्त निरीक्षणमा पुगेको थियो । आगामी असोज ३ गतेदेखि जापानमा हुने २०औं एसियाली खेलकुदको तयारीका लागि राखेपले २०८० माघ १५ बाट सुरु भएको मिसन-२०२६ बजेट अभावका कारण माघ मसान्तदेखि रोकिएको छ ।

सो प्रशिक्षणको निरीक्षणमा पुगेको टोली रोकिएको विषयमा अनविज्ञ थियो । 'उहाँहरू निरीक्षणमा आउनुभएको थियो । हामीले बजेट माग गर्दा उहाँहरूले 'चलिराखेको छैन र' भन्नुभयो । उहाँहरू प्रशिक्षण रोकिएकोमा जानकार हुनुहुन्न रहेछ,' स्रोतले भन्यो । त्यसपछि उनीहरू राष्ट्रिय खेलकुद परिषद् (राखेप) पुगे । राखेप सदस्य सचिव रामचरित्र मेहतालाई 'किन यो रोकिएको ?' भन्दै प्रश्न गरे । तत्कालै प्रशिक्षण सुरु गर्न उनीहरूले निर्देशन पनि दिए । टोलीमा सिद्धि व्यञ्जनकार, राजु सिंहसहितका व्यक्तिहरू थिए ।

खेलकुद मन्त्रीको सचिवालयकाअनुसार मन्त्री पोखरेलले सिद्धिलाई प्रमुख सल्लाहकारको रुपमा नियुक्त गरेका छन् । सिद्धि प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)का प्रमुख राजनीतिक सल्लाहकार कुमार वेनका दाइ हुन् । उनीबाहेक मन्त्रीको सचिवालयमा निशम महर्जन प्रमुख स्वकीय र राजु सिंह युवा विकास, अनुगमन तथा मुल्यांकन सल्लाहकार को रुपमा नियुक्त भएका छन् । बिहीबार दिउँसो मन्त्रालय पुग्दा मन्त्रीको कार्यकक्ष खाली थियो । प्रमुख सल्लाहकार सिद्धिसहितको टोलीमा सचिवालयको कार्यकक्षमा थिए ।

खेलकुद मन्त्रीको जिम्मेवारीमा सस्मित छन् । तर, निरीक्षणदेखि निर्देशनसम्मको नेतृत्व सिद्धि व्यञ्जनकारले नै गर्दै आएका छन् । खेलकुदका बजेट विनियोजनदेखि खेलाडी बिदाईसम्मका काममा सिद्धिले नै खेलकुद मन्त्रालयको तर्फबाट काम गर्दै आएका छन् । आफुसँग भेटिनेलाई सिद्धिले भन्दै आएका छन्- 'सस्मितले दाइ म शिक्षा हेर्छु, तपाईं खेलकुद हेर्दिनु न भनेका छन् ।' खेलकुदमा केही समस्या आए प्रधानमन्त्री बालेन्द्र शाहले प्रमुख सल्लाहकार कुमार बेनलाई भन्छन् । कुमारले आफ्ना दाइ सिद्धि व्यञ्जनकारलाई भन्छन् । सिद्धिले नै जिम्मेवारी लिएर काम अगाडि बढाउँछन् । कर्मचारीलाई निर्देशन दिनेदेखि खेलकुदमा देखिने विषयको लेखाजोखा उनै सिद्धिले नै गर्दै आएका छन् । सल्लाहकारले सल्लाह दिने हो कि निर्देशन भन्ने प्रश्नमा सिद्धि अलमलिए । उनले भने, 'अब खेलकुदमा जे जस्तो अवस्था छ संवाद गरेर जाने हो ।'

जुन बेला आफ्नो आवश्यकता पर्छ, त्यहिँ बेला मन्त्रालय जाने गरेको सिद्धिले बताए । खेलकुद मन्त्रालयले कसरी काम गरिरहेको छ भन्ने विषयमा उनले अहिले बोल्ने बेला नभएको प्रतिक्रिया दिए । मन्त्रीका सल्लाहकार राजु सिंहले आफुहरूले नै खेलकुदमा काम गरि रहेको जिकिर गरे । 'उहाँ (मन्त्री)लाई हामीले किन ल्याएका छैनौं भने । यहाँ अरु केही कुरा हुँदैन । यहाँबाट के चाहियो भन्दा बजेट । त्यतिमात्र डिष्टर्व हुन्छ । हुने केही छैन । मिसन हामीले चलाइराखेका छौं ।' सल्लाहकार सिंहले सल्लाहकार सहितको टोलीले बिहान ७ बजेदेखि राति ११/१२ बजेसम्मै मन्त्रालय बसेर काम गर्ने गरेको बताए । सामान्यत सल्लाह, सुझाव दिनका लागि मन्त्रीले सल्लाहकार नियुक्ति गर्छन् । तर, सल्लाहकारको रुपमा नियुक्ति भएपनि सिद्धिले मन्त्रीको रुपमा खेलकुद मन्त्रालयमा काम गरिरहेको खेलकुदकर्मीहरू बताउँछन् ।

राखेपका सदस्य सचिव रामचरित्र मेहताले सिद्धि व्यञ्जनकारबाट निर्देशनहरू आउने गरेको स्वीकार गरे । 'मन्त्रालयको सल्लाहकार भएको हिसाबले केही कुरा भन्नुहुन्छ । दबाब दिने त्यस्तो केही छैन । हाम्रो कामलाई सपोर्ट नै गर्ने हिसाबले उहाँहरू अगाडि बढ्नुभएको छ,' उनी भन्छन् ।

## खेलकुदमा छैन मन्त्रीको ध्यान

नियुक्त भएको करिब एक महिना हुनै लाग्दा खेलकुद मन्त्री पोखरेल धनगढीको फाप्ला क्रिकेट मैदान पुगेर ब्याटिङ गर्नेबाहेक खेलकुदमा खासै काम गरेको देखिँदैन । कतिसम्म भने राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निरीक्षणमा पुगेका मन्त्री पोखरेलले सम्बोधनका क्रममा अधिकांश समय शिक्षालाई नै जोड दिए । खेलकुदमा उनको एक महिनाको उपलब्धी राखेप निरीक्षण, एसियन बीच गेम्समा सहभागिता हुने कबड्डी र कुस्ती टोलीलाई बिदाई तथा फाप्ला क्रिकेट मैदानमा पुगेर ब्याटिङ र बलिङ गरेको मात्र देखिन्छ ।

शिक्षा मन्त्रालयसँग जोडिएका कारण उनी अधिकांश समय खेलकुदभन्दा शिक्षा मन्त्रालयमै समय दिने गरेका छन् । जसलाई उनको अफिसियल सामाजिक सञ्जालमा पोष्ट गरिएको सामग्रीले समेत पुष्टि गर्छ । एसईई परीक्षा दिने विद्यार्थीलाई शुभकामना र सकिएपछि बधाई दिएका मन्त्री पोखरेलले कराते वान प्रिमियर लिग २०२६ मा रजत पदक जितेकी एरिका गुरुङलाई बधाईसमेत दिएनन् । सामाजिक सञ्जालमा आलोचना भइसकेपछि अहिले एरिकालाई सम्मान गर्ने मन्त्रालयको तयारी छ । मन्त्रीले खेलकुद मन्त्रालयमा हालसम्म लामो समय नबिताएको खेलकुद मन्त्रालयका एक कर्मचारी बताउँछन् । 'नियमित गतिविधि मात्र भइराखेका छन् । विशेष त्यस्तो भएको छैन,' ती कर्मचारीले भने, 'काठमाडौं भएको बेला आवश्यकताअनुसार १/२ घन्टा आउनुहुन्छ । लामो समय बिताउनुभएको छैन ।' पोखरेलले शिक्षा मन्त्रालयमा मात्रै ध्यान दिएर खेलकुदलाई उपेक्षा गरेको धेरैको बुझाई छ । राखेपका एक बोर्ड सदस्य भन्छन्, 'अहिलेको खेलकुद मन्त्रीले खेलकुदमा ५ मिनेट पनि समय दिन सक्नुभएको छैन ।'

# लायन्सको अध्यक्षमा विडारी

समाज संवाददाता

हेटौंडा : हेटौंडा बजार लायन्स क्लबको अध्यक्षमा विष्णुप्रसाद विडारी निर्वाचित हुनुभएको छ । शनिबार क्लबको बैठकले विडारीलाई वर्ष-२०२६/२७ का लागि सर्वसम्मत अध्यक्ष चयन गरेको हो । क्लबको प्रथम उपाध्यक्षमा पूर्णप्रसाद अर्याल, द्वितीय उपाध्यक्षमा हेमन्त ढुंगेल, तृतीय उपाध्यक्षमा देवेन्द्र कलवार, सचिवमा भवनाथ मैनाली, कोषाध्यक्षमा पुष्पराज मैनाली चयन हुनुभएको छ ।

बैठकमा क्लबका पूर्वअध्यक्ष लक्ष्मण कँडेल एरिया २ को चिफ चयन हुनुभएकोमा बधाई एवम् शुभकामना व्यक्त गरिएको थियो । बैठकमा क्लबका पूर्वअध्यक्षहरु माधव पोखेल, पारसमणि थिङ, लक्ष्मण कँडेल, होमनाथ खनालको पनि आतिथ्य रहेको थियो । सामाजिक सेवा गर्ने उद्देश्यले स्थापित विश्वव्यापी स्वयम्सेवी सहयोगी संस्थाको रुपमा लायन्स क्लब स्थापित छ ।

# बालबोध माविमा नयाँ व्यवस्थापन समिति




*अभिभावकतर्फ नवनिर्वाचित ४ जना सदस्य र शिक्षक प्रतिनिधि ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१७, हटियास्थित बालबोध माध्यमिक विद्यालयमा नयाँ व्यवस्थापन समिति गठन भएको छ । शनिबार भएको ६९औं अभिभावक भेलाले नयाँ समिति चयन गरेको हो । अभिभावक भेलाबाट अभिभावकमध्येबाट ४ जना सर्वसम्मत सदस्य चयन भएको प्रधानाध्यापक दीपकलाल श्रेष्ठले जानकारी दिनुभयो ।

अभिभावक भेलाबाट कृष्णदेव भण्डारी, शारदा अधिकारी, गोरे बहादुर श्रेष्ठ र पेमा नेपाली चयन हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिमा शिक्षक प्रतिनिधि बच्चु सापकोटा चयन हुनुभएको छ । नवनिर्वाचित समितिले २ जनालाई मनोनित गरेपछि व्यवस्थापन समितिको अध्यक्ष चयन गरिनेछ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षता तथा वडाध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यमा अभिभावक भेलाको उद्घाटन कार्यक्रम भएको हो । अभिभावक भेलामा हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटाको पनि आतिथ्य रहेको थियो ।

अभिभावक भेलामा अध्यक्ष प्रदीप अर्यालले आफ्नो कार्यकालको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यस्तै प्रधानाध्यापक श्रेष्ठले विद्यालयको शैक्षिक एवम् प्रशासनिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने लेखापाल सविन बास्तोलाले लेखा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । अभिभावक भेलाकै अवसरमा विद्यालयले नर्सरीदेखि कक्षा-९ को वार्षिक परीक्षामा प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । १२ कक्षासम्म पठनपाठन हुने बालबोध माविमा ४ सय १० जना विद्यार्थी अध्ययनरत छन् ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

# धादिङमा एकैदिन दुई जनाको मृत्यु

काठमाडौं : विभिन्न विपद्जन्य घटनामा परेर यो महिनाको १२ दिनमै २३ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ गतेदेखि १२ गतेसम्म भएका ४२२ वटा विपद्का घटनामा उनीहरुको मृत्यु भएको छ ।

ती घटनाबाट ७३ जना घाइते भएका र ५२७ परिवार प्रभावित भएका प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी सात जनाको आगलागीमा परे ज्यान गएको छ । चट्याङबाट चार, हावाहुरीका कारण चार, लेक लागेर दुई, डुङ्गा पल्टिँदा दुई जनाको मृत्यु भएको छ । यस्तै वन डढेलोबाट एक, सर्पदंशबाट एक, जनावरको आक्रमणबाट एक र पहिरोबाट एक जनाको मृत्यु भएको छ ।

घाइते हुनेमा पनि सबैभन्दा बढी आगलागीबाट २४ जना रहेका छन् । सर्पदंशबाट १९ र जनावरको आक्रमणबाट १३ जना घाइते भएका प्राधिकरणले जनाएको छ । पछिल्लो २४ घण्टामा मात्रै विपद्जन्य घटनामा तीन जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएका प्राधिकरणले जानकारी दिएको छ । प्राधिकरणले विपद्जन्य घटनाका सावधानी अपनाउन र घटना भएमा तत्काल सम्बन्धित 'फोकल पर्सन' वा प्रहरी कार्यालय तथा प्रशासन कार्यालयमा जानकारी गराउन अनुरोध गरेको छ ।


## सूचना, सूचना, सूचना

जन्म, मृत्यु, बसाइँसराई एवम् सम्बन्ध बिच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिन सक्नेछन् । बसाइँसराई गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले, परिवार नै गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्ने छ । बिवाहको सूचना पति, पत्नी वा दुवैले दिनुपर्दछ । सम्बन्ध बिच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।

**नरनाथ सुवेदी**
**वडा अध्यक्ष एवम्**
**१९ नम्बर वडा कार्यालय**



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर सम्पर्क : ०५७-५२६८३०**



## ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय

हेटौंडा-५, भैरवरोड

## शिक्षक आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०१/१३)*

यस विद्यालयका लागि निम्नबमोजिमका शिक्षक विद्यालय सञ्चालन विनियमावलीअनुसार करारमा नियुक्त गर्नुपर्ने भएकाले निम्नलिखित योग्यता पुरा गरेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आव्हान गरिएको छ ।

| क्र.सं. | विषय | संख्या | तह/कक्षा | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | ग्रेड शिक्षक | १ जना | कक्षा १ | अङ्ग्रेजी विषयमा १०+२ उत्तीर्ण |
| २. | विज्ञान शिक्षक | १ जना | प्राथमिक | विज्ञान विषयमा १०+२ उत्तीर्ण |
| ३. | सामाजिक/स्थानीय विषय शिक्षक | १ जना | प्राथमिक | सामाजिक अध्ययन विषयमा १०+२ उत्तीर्ण |
| ४. | विज्ञान शिक्षक | १ जना | माध्यमिक | विज्ञान विषयमा स्नातक तह उत्तीर्ण |

१. परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेर : १८ वर्ष पुरा भई ४० ननाघेको
३. दरखास्त दिने अन्तिम मिति : २०८३ वैशाख १५ गते मंगलबार विद्यालय समयभित्र ।
४. लिखित परीक्षा : २०८३ वैशाख १६ गते बुधबार, दिउँसो १ बजे, अन्तरवार्ता तथा कक्षा अवलोकनको मिति पछि जानकारी गराइने छ ।
५. परीक्षा दस्तुर : ग्रेडशिक्षक/प्राथमिक तह शिक्षकको लागि रु १०००/- तथा मा.वि. तहको लागि रु १,५००/-
६. आवश्यक कागजातहरु : हस्तलिखित निवेदनको साथमा नागरिकता, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको २ थान पासपोर्ट साइजको फोटो, अनुभवको प्रमाणपत्र । ग्रेडशिक्षकको लागि ECED तालिमको प्रमाणपत्र ।
सम्पर्क : ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय
हेटौंडा-५, फोन न.: ०५७-९१३९७, ०५७-५२३४१५, ९८५५०६९१८४, ९८५५०६९२८४



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**






Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

# उपमेयर कप भलिबल प्रतियोगिता सुरु



समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगर पालिकास्तरीय उपमेयर नगरकप महिला तथा पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ। हेटौँडा नगर खेलकुद विकास समितिको सहयोगमा श्री केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान मकवानपुर ले प्रतियोगिता आयोजना गरेको हो।

प्रतियोगिता शनिबार हेटौँडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा सुरु भएको हो । प्रतियोगितामा पुरुषतर्फ ८ वटा र महिलातर्फ २ वटा खेल भएको छ। प्रतियोगितामा पुरुषतर्फ १० वटा वडाको र महिलातर्फ ७ वटा वडाको टोली सहभागी छन् । प्रतियोगितामा सम्मिलित टोलीहरुलाई पुरुषतर्फ चार वटा र महिलाहरुलाई दुई वटा समूहमा विभाजन गरिएको छ ।

बुधबार पुरुषतर्फ भएको खेलमा समूह 'क' बाट वडा नम्बर १९ समूह विजेता र वडा नम्बर १७ उपविजेता बन्दै प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ। यस्तै, समूह 'ख' का विजेता वडा नम्बर ५ र उपविजेता वडा नम्बर १४, समूह 'ग' का विजेता वडा नम्बर ११ र उपविजेता वडा नम्बर ६ र समूह 'घ' का विजेता वडा नम्बर १२ र उपविजेता वडा नम्बर १८ का टिम क्वाटरफाइनलमा प्रवेश गरेको हो। क्वाटरफाइनलका खेलहरु आइतबार हुनेछ। यसैगरी शनिबार भएको महिलातर्फको खेलमा वडा नम्बर ५ ले १९ लाई र वडा नम्बर १२ ले १८ लाई हराएर प्रतियोगितामा विजयी सुरुवात गरेको छ। महिलातर्फ वडा नम्बर ९ र १३ बिचको खेल सुरु भए पनि रात परेपछि टुङ्गो लाग्न सकेन । यी दुई टोलीबिचको खेल पनि आइतबार पुन सञ्चालन हुने आयोजकले जनाएको छ।

प्रतियोगितामा पुरुषतर्फ वडा नम्बर ५, ६, ९, ११, १२, १३, १४, १७, १८ र १९ का टिमहरु सहभागी छन् । महिलातर्फ वडा नम्बर ५, ९, १२, १३, १७, १८ र १९ का टिम सहभागी छन् । प्रतियोगिता सोमबारसम्म सञ्चालन हुनेछ ।

प्रतियोगिताका उपाधि विजेता टोलीले ५० हजार र उपविजेता टोलीले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सेमिफाइनलमा पराजित हुने टोलीले समान १०/१० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा विधागत उत्कृष्ट खेलाडीहरुका लागि नगदसहित ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# बजार प्रतिनिधिहरुलाई सचेतना

समाज संवाददाता

हेटौँडा: निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरुमा बजार प्रतिनिधिको रुपमा कार्यरत श्रमिकहरुलाई कानुनी व्यवस्थाका बारेमा श्रम कार्यालय हेटौँडाले सचेतना कार्यक्रम गरेको छ । शनिबार श्रम तथा रोजगार कार्यालय हेटौँडाको आयोजनामा मकवानपुर का विभिन्न निजी क्षेत्रमा कार्यरत करिब २५ जना बजार प्रतिनिधिहरुलाई श्रम ऐनले गरेका श्रमिकका अधिकार, बिदालगायतको व्यवस्थाबारे सहजीकरण गरिएको हो।

कार्यक्रममा श्रम तथा रोजगार कार्यालय मकवानपुरका प्रमुख रुद्रनारायण झा र सामाजिक सुरक्षा कोषको कार्यालय बाराका प्रमुख सुमन गुप्ताले श्रमिकका अधिकार तथा सामाजिक सुरक्षा कोषमा आबद्धताका विविध पक्षबारे सहजीकरण गर्नुभएको थियो । जिल्ला समन्वय समितिका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा भएको कार्यक्रमका सहभागीहरुले आफ्ना समस्या तथा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनका लागि आवश्यक ज्ञानबारे अन्तरक्रिया गरेका छन् ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

# महिला पत्रकारका लागि खोजमूलक पत्रकारिता अभिमुखीकरण सम्पन्न



*अभिमुखीकरणपछि खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

काभ्रे (धुलिखेल) : सामाजिक विकास क्षेत्रसँग सम्बन्धित खोजमूलक पत्रकारितालाई प्रवर्द्धन गर्ने उद्देश्यले महिला पत्रकारहरूका लागि दुईदिने अभिमुखीकरण कार्यक्रम धुलिखेलमा सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशको समन्वय, नेपाल पत्रकार महासंघ काभ्रे शाखाको आयोजना तथा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय हेटौंडाको सहयोगमा कार्यक्रम भएको हो । शुक्रबार र शनिबार भएको अभिमुखीकरणमा बागमती प्रदेशका विभिन्न जिल्लाबाट २६ जना महिला पत्रकारहरूको सहभागिता रहेको थियो।

शुक्रबार सामाजिक विकास मन्त्रालयका सचिव खुविराम अधिकारीले सामाजिक विकास मन्त्रालयको काम, कार्यक्षेत्र र सञ्चार क्षेत्रबाट अपेक्षा, सञ्चारिका समूह मकवानपुरकी संस्थापक सरिता दाहालले महिला पत्रकारको सुरक्षा, चुनौति, मिडियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण र नेपाल पत्रकार महासंघकी केन्द्रीय उपाध्यक्ष नितु पण्डितले पत्रकार आचारसंहिता, स्थानीय विकासमा मिडियाको उपस्थिति, समस्या, चुनौती र अवसरका विषयमा अभिमुखीकरण गर्नु भएको थियो । शनिबार गोरखापत्रका उपसम्पादक अजय शर्माले पत्रकारितामा एआई भन्ने विषयमा अभिमुखीकरण गर्नु भएको थियो ।

कार्यक्रममा सामाजिक विकाससँग सम्बन्धित विषयमा खोजमूलक समाचार लेखन, तथ्य संकलन, स्रोत व्यवस्थापन, तथा पत्रकारितामा आवश्यक नैतिकता र उत्तरदायित्वका विषयमा प्रशिक्षण दिइएको छ। महिला पत्रकारहरूको क्षमता अभिवृद्धि गर्दै सामाजिक विकासका मुद्दालाई प्रभावकारी रूपमा सञ्चारमाध्यममार्फत उजागर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको नेपाल पत्रकार महासंघ काभ्रे शाखाले जनाएको छ। महिला पत्रकारहरूलाई खोजमूलक पत्रकारितामा थप दक्ष, सक्रिय र आत्मविश्वासी बनाउन सहयोग पुग्ने अपेक्षाले अभिमुखीकरण आयोजना गरेको जनाएको छ ।

अभिमुखीकरणमा सहभागी महिला पत्रकारलाई प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रमको उद्घाटनमा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर, नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष बिनोद न्यौपाने, धुलिखेल तालिम केन्द्रका प्रमुख, काभ्रे जिल्लास्थित विभिन्न पत्रकार संगठनका प्रतिनिधि तथा प्रशिक्षकहरूको उपस्थिति रहेको थियो। अभिमुखीकरणमा हेटौँडाबाट प्रकाशन हुने समृद्ध समाज राष्ट्रिय दैनिक तथा हेटौँडाबाट प्रसारण हुने रेडियो निकासकी संवाददाता सुमिना चौलागाईको पनि सहभागिता रहेको थियो ।

# युएईविरूद्ध नेपाल ३७ रनले विजयी



समाज संवाददाता

हेटौँडा : आइसिसी विश्वकप लिग-२ अन्तर्गत त्रिपक्षीय सिरिजमा नेपालले विजयी सुरूवात गरेको छ ।

त्रिवि मैदान कीर्तिपुरमा शनिबारदेखि सुरू भएको नेपाल, युएई र ओमानबीचको सिरिजको पहिलो खेलमा नेपालले युएईलाई ३७ रनले पराजित गरेको हो । २०१ रनको लक्ष्य पछ्याएको युएईलाई नेपालले ४८.२ ओभरमा अल आउट गर्दै १६३ रनमा समेटेको हो। युएईलाई सस्तोमै अल आउट गर्दा करण केसीले ४ विकेट लिए। ९.२ ओभर बलिङ गरेका उनले १९ रन मात्रै खर्चिए।

सोमपाल कामी र सन्दीप लामिछानेले २/२ विकेट लिँदा दीपेन्द्र सिंह ऐरी र ललित राजवंशीले एक-एक विकेट लिए। युएईका लागि हरप्रित सिंहले ३९ रन बनाएका थिए। उनले ५२ बलमा ५ चौका प्रहार गरे । कप्तान मोहम्मद वासीमले ३४ रन बनाउँदा अक्सदीप नाथले ३० रन बनाए । आयान्स शर्मा र निलान्स केश्वानीले १८/१८ रन जोडेका थिए । अन्य ब्याटरहरू नेपाली बलरसामू टिक्न सकेनन् ।

त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले ४८.२ ओभरमै अल आउट हुँदै २०० रन बनाएको थियो । नेपालका लागि उपकप्तान दीपेन्द्रसिंह ऐरीले उत्कृष्ट प्रदर्शन गरे । उनले ९० बल खेलेर ७५ रन बनाए। त्यस क्रममा ५ चौका र २ छक्का प्रहार गरे । कुशल भुर्तेलले २५ बल खेलेर २४ रन बनाए। करण केसीले २२, बसिर अहमदले २० तथा आरिफ शेख र सोमपाल कामीले १५/१५ रन बनाए भने भीम सार्कीले १० रन मात्रै बनाए।

कप्तान रोहित २ रनमै आउट भएका थिए । बलिङतर्फ युएईका जुनेद सिद्धिकी र अजय कुमार ३/३ विकेट लिए। खुजाइमा तनवीरले २ तथा हैदर अली र मोहम्मद शाहदादले एक-एक विकेट लिए। नेपालले दोस्रो खेल ओमानसँग बुधबार खेल्नेछ । दुवै टिमसँग २/२ खेल खेलेपछि नेपालले लिग-२ अन्तर्गत नै स्कटल्याण्ड र अमेरिकासँगको सिरिज घरेलु मैदानमै खेल्नेछ। खेल वैशाख २९ देखि जेठ ८ सम्म हुनेछ।

यस हिसाबमा नेपाल आफ्नो विश्वकप २०२७ को यात्राको एक महत्वपूर्ण र निर्णायक मोडमा आइपुगेको छ। आगामी आठ खेलको यात्राले नै नेपालको विश्वकप छनोटको भविष्य र सम्भावित बाटो निर्धारण गर्ने देखिन्छ।

लिग-२ को अंक तालिकाको शीर्ष दुई स्थानमा रहेका अमेरिका (पहिलो) र स्कटल्याण्ड (दोस्रो) सँग प्रतिस्पर्धा गर्नु पर्ने भएको हुँदा नेपालले घरेलु मैदानको फाइदा उठाउन सक्नेछ । घरेलु मैदानमा हुने यो सिरिज नेपालका लागि विश्वकप छनोटको दौडमा निकै महत्त्वपूर्ण हुनेछ। यहाँको प्रदर्शन खराब भएमा छनोट प्रक्रिया थप जटिल बन्नेछ ।

# काठमाडौंका सुकुम्बासी बस्ती खाली गराउन सुरु

समाज संवाददाता

हेटौँडा : संघीय सरकारले काठमाडौं उपत्यकाको विभिन्न स्थानमा अवैधरुपमा बस्दै आएको सुकुम्बासी बस्ती हटाउने कार्य शनिबार बिहानैदेखि गरेको छ । बिहिबारदेखि नै माइकिङ गरेर अवैध बसोबास भएका स्थान खाली गर्न, गराउन आव्हान गरेबमोजिम शनिबार बिहानैदेखि काठमाडौंको थापाथली क्षेत्रमा डोजर चलेको थियो । सरकारको आव्हानसँगै बिहिबार देखि नै सुकुम्बासी बस्ती खाली गर्न सुरु गरिएको थियो ।

शनिबार बिहानैदेखि थापाथली क्षेत्रमा शान्तिपूर्ण तरिकाबाट बस्ती खाली गराइएको थियो भने दिउँसो गैरीगाउँ र शान्तिनगरमा पनि सहजै बस्ती खाली गराइएको थियो। मनोहरा क्षेत्रमा भने शनिबार साँझ स्थानीयले अवरोध गरेका थिए । त्यसक्रममा सुरक्षाकर्मी घाइते समेत भएका छन् । यसैबीच सरकारले वास्तविक सुकुम्बासीलाई बसोबासको व्यवस्था गरिदिने भन्दै आव्हान गरेसँगै शनिबार साँझसम्म १ सय ४४ परिवार सम्पर्कमा आएको प्रधानमन्त्री बालेन्द्र शाहका प्रेस सल्लाहकार दीपा दाहालले जानकारी दिनुभएको छ । सामाजिक सञ्जालमार्फत दाहालले १ सय ४४ जना सम्पर्कमा आएको जानकारी दिनुभएको हो ।



*थापाथली क्षेत्रबाट सामान स्थानान्तरणमा सहयोग गर्दै काठमाडौं महानगरका नगर प्रहरी ।*

यस्तै दाहालले सुकुम्बासी बस्ती खाली गर्ने कार्यको प्रगति विवरण पनि सार्वजनिक गर्नुभएको छ । काठमाडौं-११, थापाथलीमा रहेको बस्ती शनिबार मध्यान्ह साढे १२ बजे खाली गरिएको दाहालले उल्लेख गर्नुभएको छ। बस्ती खाली गराउने कार्यमा नेपाल प्रहरी र महानगर प्रहरी बलले स्थानीयको सामान उठाउन र ढुवानी गर्न प्रत्यक्ष सहयोग गरेका थिए। बसोबास गरि रहेका नागरिकहरूले समेत सरकारको सहयोग गरेपछि थापाथलीको बस्ती स्थानान्तरण कार्य शान्तिपूर्ण र सौहार्दपूर्ण रूपमा सम्पन्न भएको थियो । सम्पर्कमा आएका र उद्दार गरिएका परिवारहरूलाई सुरुमा दशरथ रंगशाला पुऱ्याएर उनीहरुको विवरण सङ्कलन गरिएको छ । उनीहरूलाई तत्कालका लागि काठमाडौंका विभिन्न होटलहरूमा बसोबासको व्यवस्था मिलाइएको छ । यस्तै, घरायसी सामानहरू रंगशाला र कीर्तिपुरको सुन्दरीघाटस्थित राधास्वामी सत्संग ब्यास नेपालमा छुट्टाछुट्टै स्थान तय गरी सुरक्षित रूपमा भण्डारण गरिएको छ ।

काठमाडौं उपत्यका विकास प्राधिकरणको तथ्याङ्क अनुसार शान्तिनगरमा ४७६, गैरीगाउँमा १६२, थापाथलीमा १४३, गोठाटारमा ७७ र मनोहरा टोलमा १३ गरी कुल ८७१ परिवार रहेका छन् । वास्तविक सुकुम्बासी ठहरिएका परिवारलाई दुई साताभित्र नागार्जुन नगरपालिका-१ स्थित सरकारी अपार्टमेन्ट र अन्य सुरक्षित स्थानमा राखिने र त्यसलगत्तै उनीहरूको दीर्घकालीन व्यवस्थापनको काम सुरु गरिने बताइएको छ ।

# संस्थापक क्याम्पस प्रमुख श्रेष्ठप्रति श्रद्धाञ्जली



*मुकुन्ददास श्रेष्ठको अर्धकदको प्रतिमामा माल्यार्पण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा: हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख मुकुन्ददास श्रेष्ठप्रति क्याम्पस परिवारले श्रद्धाञ्जली अर्पण गरेको छ। क्याम्पस प्राङ्गणमा रहेको श्रेष्ठको शालिकमा शनिबार क्याम्पस परिवारले माल्यार्पण गरी श्रद्धाञ्जली प्रकट गरेको हो ।

विसं २०३७ सालमा क्याम्पसको स्थापनाकालदेखि २०४४ सालसम्म श्रेष्ठले क्याम्पस प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो । विसं २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पमा परी काठमाडौँको असनस्थित आफ्नै घरमा उहाँको निधन भएको थियो ।

क्याम्पस स्थापनाको कठिन समयमा उहाँले पुऱ्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै क्याम्पसले हरेक वर्ष उहाँप्रति श्रद्धाञ्जली प्रकट गर्दै आएको छ । माल्यार्पण कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# पेट्रोलियम पदार्थ आयातबाट ६० अर्ब ३८ करोड राजस्व संकलन

पर्सा : चालु आर्थिक वर्षको प्रथम नौ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु ६० अर्ब ३८ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु ५७ अर्ब ५३ करोड राजस्व प्राप्त भएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार वीरगञ्ज नाकाबाट उक्त अवधिमा रु एक खर्ब ४८ अर्ब १६ करोड बराबरका पाँच किसिमका पेट्रोलियम पदार्थ आयात गरेर उक्त रकम राज्यकोषमा दाखिला भएको हो।

उक्त अवधिमा आठ लाख आठ हजार सात सय ४५ किलोलिटर डिजेल, तीन लाख ५९ हजार आठ सय ४६ किलोलिटर पेट्रोल २२ करोड ४८ लाख ७५ हजार दुई सय ६६ किलोग्राम एलपी ग्यास आयात भएको छ ।

# मोटरसाइकल दुर्घटनामा दुई जना घाइते

समाज संवाददाता

हेटौँडा: हेटौँडा-६, हात्तीलेटमा दुई वटा मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना भएको छ । दुर्घटनामा परी दुई जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

शुक्रबार धरान-चतरा सडकखण्डमा हटियाबाट चौघडातर्फ जाँदै गरेको ना ५० प ३२०२ नम्बरको मोटरसाइकल र सोही दिशामा जाँदै गरेको बा ७८ प ४५५६ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटना परी ४५५६ नम्बरका मोटरसाइकल चालक मकवानपुर गढी-१, रानिसेरा बस्ने २५ वर्षीय लक्ष्मण तामाङ र पछाडि सवार निजकी श्रीमती २५ वर्षीया विनिता तामाङ घाइते भएका हुन् ।

घाइते दुबै जनालाई हेटौँडा अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर रिफर गरिएको छ। अर्को मोटरसाइकलका चालक हेटौँडा-१६ स्थित रंगशाला चोक बस्ने ५० वर्षीय रामलाल पोखरेल हाल फरार रहेको र निजको खोजतलास भइरहेको प्रहरीले जनाएको छ। दुबै मोटरसाइकल प्रहरी चौकी चौघडाको नियन्त्रणमा रहेको छ ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ